# ग्लोबल बैंक लिमिटेडको
# तेश्रो वार्षिक साधारणसभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

१. **बैधानिक सभाः**

कम्पनी ऐन,२०६३ र बैंकको नियमावली बमोजिम बैंकको तेश्रो वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समयः**

मिति : २०६६ साल कार्तिक ६ गते शुक्रवार (तद्अनुसार २३ अक्टोवर, २००९)

स्थान : होटल भिस्वा (Hotel Vishwa) , विरगंज, पर्सा ।

समयः दिनको १०.०० बजे प्रारम्भ भई दिनको १:३० सम्पन्न भएको ।

३. **सभाको सूचनाः**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार तेश्रो वार्षिक साधारण सभा हुने स्थान, मिति,समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीलाई सूचना पठाउनुका साथै सोही ब्यहोराको सूचना मिति २०६६/६/७ र ८ गतेको **नागरिक (राष्ट्रिय दैनिक)** पत्रिकामा प्रकाशित गरिनुको साथै संचालक समितिले सो साधारण सभामा प्रस्तुत गर्ने विशेष प्रस्ताव र कम्पनी ऐन २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने कागजातहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइएको थियो ।

४. **छलफलको बिषयहरुः**

**क) सामान्य प्रस्ताब**

१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने बार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदनसहितको आ. व. २०६५/६६ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण पारित गर्ने ।

३)	बैंकको लेखापरीक्षण समितिको सिफारीस वमोजिम आ.व. २०६६/६७ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावः**

(१)	बैंकको चुक्ता पूँजी बृद्धि गरी रु. १,५०,००,००,०००। पु-याउन २:१ (अर्थात प्रत्येक २ शेयर वरावर १ शेयर) को अनुपातमा हकप्रद शेयर (Right Shares) जारी गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

(२)	बैंकको अधिकृत,जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सो अनुसार प्रबन्ध पत्र संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**५. उपस्थितिः**

**५.१ कम्पनी ऐन,२०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु**

| | |
|---|---|
| १. श्री चन्द्र प्रसाद ढकाल | अध्यक्ष |
| २. श्री कृष्ण बहादुर कुँवर | संचालक |
| ३. श्री सन्दिप अग्रवाल | संचालक |
| ४. श्री धन बहादुर शेरचन | संचालक |
| ५. श्री अश्विनी कुमार आचार्य | संचालक |
| ६. श्री पुष्पमान श्रेष्ठ | संचालक |

**५.२ अन्य पदाधिकारीको उपस्थितिः**

| | |
|---|---|
| १. श्री अनिल ज्ञवाली | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री सुदर्शनराज पाण्डे | लेखापरीक्षक (चार्टर्ड एकाउन्टेन्ट) |

**५.३ शेयरधनीहरुको उपस्थितिः**

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्याः २६

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्याः ९९

३. जम्मा उपस्थित संख्या :१२५

**६. गणपूरक संख्या (कम्पनी ऐन,२०६३ को दफा ७३ बमोजिम)**

| विवरण | कुल संख्या | उपस्थिति संख्या | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ५८,२४६ | १२५ | ५२.५२ |

| | | | |
|---|---|---|---|
| संस्थापक समूह क अन्तर्गत उप-समूह ए,वी,सी,डी, ई, एफ | ३१ | २५ | |
| सर्वसाधारण समूह ख | ५८,२१५ | १०० | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १,००,००,००० | ५२,५१,६५३ | ५२.५२ |

**७. सभाको बैधानिकताः**

७.१ कम्पनी ऐन,२०६३ तथा बैंकको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्राबधान बमोजिम बैंकको तेश्रो वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या २६ भएको र कुल शेयरको ५२.५२ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा ब्यबस्था भए बमोजिम यस सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराएपछि दिनको १०.०० बजे अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्रूको अध्यक्षतामा बैंकको तेश्रो वार्षिक साधारण सभा सुरु  भयो ।

**८. वार्षिक साधारण सभाको प्रस्तुतिः**

१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय सूचि अनुसार आ.व.२०६५/२०६६ को संचालक समितिको प्रतिबेदन अध्यक्षज्यूले पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

२. त्यसपछि अध्यक्षज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिबेदन सहितको २०६६ आषाढ मसान्तको रु.१२,६२,६४,७२,५५९। को पूँजी/दायित्व तथा जायजेथा भएको वासलात र रु.३३,४२,१९,६०५। कुल संचालन आम्दानी र रु.३०,७९,१४,९७७।- ( आयकर तथा कर्मचारी बोनस समेत) खर्च भएको आ.व.२०६५/०६६ को नाफा नोक्सान हिसाव तथा साधारण जगेडा कोष बापत रु.५२,६०,९२६।- र सटही घटबढ कोषबापत रु.३७,१८,१०९।- छुट्याई बाँकी रहेको संचित मुनाफा तथा गत बर्षको संचित मुनाफा रु.२,३५,९७,५८४।- वासलातमा सारिएको तथा अन्तिम नगद मौज्दात रु.१,३८,२१,४२,०१२।- भएको नगद प्रवाह बिवरण सहितको

वासलात,नाफानोक्सान हिसाव समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**९. छलफलको लागि आह्वान र शेयरधनी महानुभवहरुः**

९.१ बैंकको आ.व.२०६५।०६६ को प्रतिबेदन, २०६६ आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त आ.व.२०६५/०६६ को नाफानोक्सान हिसाव तथा नगद प्रवाह बिवरण उपर आ-आफ्नो मन्तब्य प्रकट गर्न, सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु ब्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तब्य राख्नु हुने शेयरधनी महानुभावहरुको नामः

१. श्री उज्जल सुन्दर श्रेष्ठ

२. श्री नारायण सुन्दर श्रेष्ठ

**१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा ब्यक्त गर्नु भएका सराहनाः**

आ-आफ्नो मन्तब्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र ब्यबस्थापनलाई धन्यबाद दिनु भयो साथै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । बैंकको संचालक समितिद्वारा प्रस्तुत गरिएको वार्षिक प्रतिबेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएका कार्यहरुको मुल्याङ्कन गरी राम्रा कामको सराहना तथा देखिएका कमि कमजोरी औंल्याउनु भयो । बैंकको हितकोलागि आफ्नो तर्फबाट सुझाव प्रस्तुत गर्नु भयो । बैंकको प्रतिस्पर्धी क्षमतालाई अभिबृद्धि गर्दै बैंकिङ्ग ब्यबसायको नयाँ क्षेत्र पहिचान गरी सेवा बिस्तार गरी बित्तीय ब्यबसायलाई अझ अगाडि बढाउँदै लैजानु पर्छ भन्ने कुरामा जोड दिनु भयो ।

**११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो बिचार प्रस्तुतिकरण :**

छलफलको क्रममा शेयरधनी बक्ताहरुले बुँदागतरुपमा देहाय बमोजिमको धन्यबाद तथा सराहना,सुझाव एवं मन्तब्य ब्यक्त गर्नु भएको थियो ।

**(१) श्री उज्जल सुन्दर श्रेष्ठ**

क) वार्षिक साधारण सभाको सूचनामा कम्पनी सचिवको नाम तथा हस्ताक्षर नभएकाले आगामी बर्ष देखि सूचनामा नाम तथा हस्ताक्षर राख्न अनुरोध गर्दछु ।

ख) वार्षिक प्रतिबेदन सहितका सभामा प्रस्तुत हुने प्रस्ताबहरु समयमानै शेयरधनीलाई प्राप्त हुने ब्यबस्था मिलाउन अनुरोध गर्दछु ।

ग) संचालक सुहृदराज घिमिरेले किन पद बहाली नगर्नु भएको हो जानकारी दिन अनुरोध छ ।

घ) संचालकको भत्ता प्रत्येकको छुट्टै उल्लेख हुनु पर्ने अध्यक्षको कति, संचालकको कति भत्ता हो प्रष्टरुपमा खुलाउनु पर्नेमा सो नभएको ।

ङ) संचालकको भत्ता बाहेक छुट्टै खर्च उल्लेख छ सो के बापतको खर्च हो प्रस्ट पारियोस् ।

(२) **श्री नारायण सुन्दर श्रेष्ठ**

क) छठको समेत शुभकामना । साना शेयरधनीहरुको उपस्थिति कम छ ।

ख) शेयरबजारमा एक किसिमका मानिसहरुको हालीमुहाली छ तिनीहरुबाट सतर्क रहन अनुरोध छ ।

ग) जुन गतिमा बैंक अगाडि बढ्न खोजेको थियो त्यो गतिमा अगाडि बढ्न सकेन । तेश्रो वार्षिक साधारण सभा सम्म आइपुग्दा पनि लगानीकर्तालाई प्रतिफल दिन सकेको छैन, हामीसँगै कारोवार सुरु गरेका बैंकले लगानीकर्तालाई प्रतिफल दिई सकेका छन् ।

घ) यति समय सम्ममा यति प्रतिफल दिने योजना छ भनी प्रष्टरुपमा प्रतिबेदनमा आउनु पर्छ ।

ङ) खर्च धेरै छ, सवै शिर्षकमा अलिअलि कटौती गरेमा धेरै जोगिने स्थिति छ ।

च) लेखापरीक्षण समितिले लेखापरीक्षक नियुक्तिको सिफारिस गर्दा एक भन्दा बढी लेखापरीक्षकको नाउँ सिफारिस गर्नु पर्ने ।

१२. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफः**

वार्षिक प्रतिबेदनमा भएका त्रुटिहरु देखाउनु भएकोमा शेयरधनीहरुलाई बैंकका अध्यक्षज्यूले धन्यबाद दिँदै उक्त सुझावहरुलाई मध्यनजर गर्दै आगामी बर्षमा सुधार गर्दै लाने प्रतिबद्धता जाहेर गर्नु भयो । शेयरधनीहरुको प्रश्नको जवाफ दिने क्रममा खर्च घटाउने ,आम्दानी बढाउने तथा बैंकको मुनाफा बृद्धि गर्नु पर्ने जस्ता सुझावहरुलाई मार्गदर्शनका रुपमा लिई बैंक अगाडि बढ्ने बताउनु भयो ।

शेयरधनी महानुभावहरुले उठाउनु भएको एकजना संचालकको पदबहाली हुन नसकेको सम्बन्धमा संचालक पदमा नियुक्त श्री सुहृदराज घिमिरेलाई पदवहाली गर्न कम्पनी सचिव मार्फत पटक पटक अनुरोध गरिएकोमा कार्यब्यस्तताको कारण जनाई हाल सम्म पदबहाली नगर्नु भएको ब्यहोरा सभालाई जानकारी गराउनु भयो ।

संचालकको भत्ता र भत्ता बाहेकको छुट्टै खर्चको सम्बन्धमा शेयरधनीले राख्नु भएको जिज्ञासाको सम्बन्धमा अध्यक्ष र संचालकको भत्ता फरक छैन समान छ, संचालकले बैठक भत्ता बाहेक कुनै रकम लिएको छैन, भत्ता बाहेकको खर्च भनेको मिटिङ बस्दा खाएको खाजा बापतको खर्च हो भन्ने कुरा अध्यक्षज्यूले प्रष्ट पार्नु भयो ।

शेयरधनी महानुभावहरुले उठाउनु भएको बढी खर्च भएको भन्ने सम्बन्धमा बैंकले बैंकिङ क्षेत्रमा प्रयोग हुने उच्च गुणस्तरको फिनाकल स्फट्वोयर राखेको, Visa Card Membership लिएको, डि.आर.एस. को प्रयोग तथा अन्य भौतिक पूर्वाधार

समेतमा  बैंकले लगानी गरेको कारणबाट खर्च बढी देखिन गएको हो आगामी दिनमा खर्च कटौति गर्ने तर्फ बैंक प्रयासरत रहने ब्यहोरा प्रष्ट पार्नु भयो ।

शेयरधनीलाई प्रतिफल दिने सम्बन्धमा शेयरधनीले राख्नु भएको जिज्ञासालाई सम्बोधन गर्दै शेयरधनीलाई प्रतिफल दिने कुरामा बैंक प्रयासरत रहेको कुरा अध्यक्षज्यूले प्रष्ट पार्नु भयो ।

अन्त्यमा अध्यक्षज्यूले यो बैंक मुलुकको एउटा असल बैंकको रुपमा स्थापित हुने कुरामा शेयरधनीहरुलाई बिश्वस्त पार्न चाहनुभयो ।

१२. **सभाको निर्णयः**

(क) **सामान्य प्रस्ताव तर्फ**

(१) **संचालक समितिको बार्षिक प्रतिबेदन पारित गर्ने ।**

संचालक समितिको तर्फवाट अध्यक्षज्यूले तेश्रो वार्षिक साधारण सभामा प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिवाट पारित गरियो ।

(२) **लेखापरीक्षकको प्रतिवेदनसहितको आ. व. २०६५/०६६ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदनसहितको आ. व. २०६५/०६६ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण समेत पारित गरियोस् भनी अध्यक्षज्यूले सभा सभक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत ग-यो ।

३. **आ.व. २०६६/६७ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन,२०६३ को दफा १११ अनुसार बैंकको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.ब. २०६६/०६७ को लागि लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले  एकमुष्ठ पारिश्रमिक रु.१,५०,०००/- (एक लाख पचास हजार) दिने गरी श्री  सुन्दर एण्ड कम्पनी (चाटर्ड एकाउन्टेन्ट) लाई बैंकको लेखापरीक्षकमा नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

(ख) **बिशेष प्रस्ताव तर्फः**

(१) **२:१  को अनुपातमा हकप्रद शेयर (Right Shares) जारी गर्नेः**

बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार २०६९/०७० सम्ममा चुक्ता पूँजी रु.२ अरव पु-याउनु पर्ने साथै बैंकको योजना अनुसारको ब्यबसाय बृद्धि गर्दा आवश्यक पर्ने पर्याप्त पूँजी कोष कायम गर्न पूँजी बृद्धि गर्न आवश्यक भएकाले बैंकको चुक्ता पूँजीको  २:१ (अर्थात प्रत्येक २ शेयर वरावर १ शेयर) को अनुपातमा हकप्रद शेयर (Right Shares) जारी गर्ने  प्रस्तावलाई स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले सभा

समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट सो विशेष प्रस्तावलाई पारित गर्ने निर्णय ग-यो ।

(२) **बैंकको अधिकृत,जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सो अनुसार प्रबन्ध पत्र संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।**

बैंकको अधिकृत पूँजी रु.३,००,००,००,०००।- (तीन अरव) जारी पूँजी रु.१,५०,००,००,०००।- (एक अरव पचास करोड) चुक्ता पूँजी रु. रु.१,५०,००,००,०००।- (एक अरव पचास करोड) कायम गर्ने र सोही अनुसार प्रबन्धपत्रमा संसोधन गर्न सभा समक्ष अध्यक्षज्यूले प्रस्ताव पेश गर्नु भएकोमा उक्त पूँजी बृद्धि सम्बन्धि बिशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट स्वीकृत ग-यो साथै देहाय बमोजिम प्रबन्धपत्र संसोधन गर्ने बिशेष प्रस्ताव स्वीकृत ग-यो ।

**प्रबन्ध पत्रको हालको दफा ५ (क) (ख) (ग) लाई देहाय बमोजिम संसोधन गर्ने**

**दफा ५ (क)** बैंकको अधिकृत पूंजी रु.३,००,००,००,०००।- ( तीन अरव) हुने छ । उक्त पुंजीलाई रु.१०० का दरले ३,००,००,००० (तीन करोड) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**दफा ५ (ख)** बैंकले तत्काल जारी गर्ने शेयर पूंजी रु.१,५०,००,००,०००। (एक अरव पचास करोड) हुने छ ।

**दफा ५(ग)** बैंकको तत्काल चुक्ता पूंजी रु.१,५०,००,००,०००।- (एक अरव पचास करोड) हुने छ । जारी पूंजी चुक्ता भएको आधारमा चुक्ता पूंजी बृद्धि हुँदै जाने छ ।

१३. **धन्यबाद ज्ञापन तथा सभा बिसर्जन:**

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा तेश्रो वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु, शेयर रजिष्ट्रार, लेखापरीक्षक तथा बैंक संचालन कममा सहयोग गर्ने सवै नियमनकारी निकाय समेत सम्बन्धित सबैलाई धन्यबाद ज्ञापन गर्दै दिनको १.३० बजे सभा बिसर्जन गर्नु भयो ।

| | |
|---|---|
| ………………… | ………………… |
| बिष्णु प्र.बाँस्कोटा | चन्द्र प्रसाद ढकाल |
| कम्पनी सचिव | अध्यक्ष |